## निर्णय :

१. संक्रमणको पुष्टि भएका एक्टिभ केसहरुको संख्याका आधारमा बढी संख्या भएका जिल्लाहरु तथा उपत्यका लगायत आवश्यक स्थानमा संक्रमण पुष्टि भएको संख्याको अनुपात तथा संक्रमण भएका स्थानबाट आएका व्यक्तिहरुको संक्रमण पुष्टि भैरहेको अनुपात समेतलाई मध्यनजर गरी लक्षण नभएका संक्रमितहरुको व्यवस्थापनका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको मापदण्ड अनुरुप हाल रहेको आइसोलेसन बेडको संख्यामा आवश्यकता अनुसार बृद्धि गर्न देहाय बमोजिम आइसोलेसन सेन्टरहरु तयार गर्ने।

(क) विभिन्न प्रदेशहरुमा संचालित मेडिकल कलेजहरु र सरकारी आवासीय भवनहरुलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले संक्रमितहरुको व्यवस्थापन गर्ने गरी निश्चित संख्यामा आइसोलेसन सेन्टरको रुपमा संचालन गर्ने र सो को सेवाशुल्क दररेट निर्धारण गर्ने।

(ख) खण्ड (क) बमोजिमको व्यवस्था गर्दा नपुग हुने र मेडिकल कलेज नभएका अन्य स्थानहरुमा हाल संचालन भईरहेका क्वारेन्टाईनहरु मध्ये नेपाल सरकारले तोकेको मापदण्ड पूरा गरेका क्वारेन्टाईन स्थलहरुलाई PCCMC/DCCMC लाई आवश्यक बजेट उपलब्ध गराई आइसोलेसन सेन्टरको रुपमा विकास गर्ने।

(ग) पूर्वाधारहरु नभएका जिल्लाहरुको हकमा संक्रमित पुष्टि भएको र हुन सक्ने अनुमानित संख्या र हाल भएको बेड संख्या समेतको आधारमा आवश्यक पर्ने नयाँ आइसोलेसन सेन्टर तयार गरी संचालनमा ल्याउन DCCMC बाट आवश्यक व्यवस्था गर्ने । सो को लागि DCCMC को माग र CCMC बाट सिफारिस भए बमोजिम आवश्यक पर्ने रकम कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषबाट व्यवस्था गर्ने।

(घ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तयार गरेको मापदण्डको आधारमा स्वेच्छिक रुपमा होम आइसोलेसनमा बस्न चाहने संक्रमितहरुलाई निगरानी प्रणाली सहित होम आइसोलेसनमा संक्रमित व्यवस्थापन गर्दै लैजान योजना बनाउने ।

२. हाल केही क्वारेन्टाईनहरुमा सुत्केरी, गर्भवती तथा वालवालिकाहरु समेत रहेको हुंदा उनीहरुलाई स्थानीय तहको निगरानीमा निजहरुको घर वा अन्य उपयुक्त स्थानमा

क्वारेन्टाइनको मापदण्डमा तोकिएको अवधिसम्म रहने गरी नेपाल सरकारले तोकेको दरको दोब्बर सम्मको सुविधा पोषणयुक्त खाना बापत उपलब्ध गराउने। १४ दिन भन्दा बढी अवधिसम्म परीक्षण हुन नसकी क्वारेन्टाईनमा रहेका व्यक्तिहरुलाई नेपाल सरकारबाट स्वीकृत दररेट अनुसार बाँकी अविधसम्मको खाना उपलब्ध गराउने।

३. बर्षात्को समय सुरु भई सकेको हुंदा मौसम अनुसारका विभिन्न अन्य संक्रामक रोगहरु समेतबाट क्वारेन्टाईनमा रहेका व्यक्तिहरु प्रभावित हुने अवस्थालाई मध्यनजर गरी DCCMC सँग नियमित सम्पर्कमा रही आवश्यक प्रवर्द्धनात्मक र उपचारात्मक सेवाको आवश्यक व्यवस्था गर्ने। सो को लागि आवश्यक औषधि तथा स्वास्थ्यकर्मीको व्यवस्था स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गर्ने ।

४. क्वारेन्टाईनमा व्यवस्था गरिएका बेड क्षमता भन्दा बढी संख्यामा रहेका अवस्थामा क्वारेन्टाईनबाट बेड खाली रहेका जिल्लाभित्रका अन्य क्वारेन्टाईनमा स्थानान्तरण गर्न र शीघ्र संक्रमण परीक्षण गरी प्रोटोकल अनुसार होम क्वारेन्टाईनमा पठाउन DCCMC लाई निर्देशन गर्ने।

५. कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचारका सन्दर्भमा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानिय तहबाट निकाशा र खर्च भएको मासिक फांटवारी महालेखा नियन्त्रक कार्यालयले संकलन गरी निकाशा र खर्चको विवरण नियमित रुपमा निर्देशक समितिमा पेश गर्ने व्यवस्था मिलाउने।

६. खानेपानी मन्त्रालयले WaSH Cluster परिचालन गरी सम्बन्धित CCMC संगको समन्वयमा बढी संक्रमित र व्यवस्थित हुन बाँकी स्थानमा प्राथमिकताका आधारमा क्रमशः होल्डिङ्ग सेन्टर, क्वारेन्टाईन तथा आईसोलेशन सेन्टरका लागि हेण्डवास सिस्टम, अस्थायी शौचालय, पिउनयोग्य पानीको आपूर्ति लगायतका आवश्यक व्यवस्था मिलाउने।

७. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सम्बन्धित CCMC मार्फत तेश्रो मुलुक तथा भारतबाट तोकिएको सीमा नाका भै प्रवेश गर्ने नेपाली नागरिकहरुलाई होल्डिङ्ग सेन्टरबाट सम्बन्धित क्वारेन्टाईनसम्मको यात्राको दौरान आवश्यक पर्ने एवं होल्डिङ्ग सेन्टर तथा यात्रामा खट्टिने

स्वास्थ्यकर्मी, सुरक्षाकर्मी तथा स्वयमसेवकहरुलाई मास्क, स्यानिटाईजर लगायतका स्वास्थ्य सामाग्रीहरु सम्बन्धित होल्डिङ्ग सेन्टरमा उपलब्ध गराउने।

८. कोभिड-१९ को विश्वव्यापी संक्रमणको कारणबाट उत्पन्न असहज परिस्थितिमा स्वदेश आउनै पर्ने अवस्थामा रहेका नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्ने सम्वन्धी आदेश, २०७७ को व्यवस्था बमोजिम नेपाल आउने हवाई उडान व्यवस्था सम्वन्धमा देहाय अनुसार गर्ने।

(क) सम्वन्धित नेपाली नियोगले स्वदेश फर्कन चाहने नेपाली नागरिकहरुमध्ये आदेशको दफा २ को प्राथमिकतामा परेका मध्ये तत्काल उद्धार गर्नुपर्ने अवस्थामा रहेका व्यक्तिहरुको प्राथमिकताक्रम निर्धारण गरी सम्बन्धित मुलुक वा कम्पनीबाट खर्च व्यहोर्ने अवस्थामा बाहेक नियोग रहेको देशको विमान सेवाले चार्टर गर्ने भए उक्त वायु सेवाबाट प्रस्तावित प्रति व्यक्ति भाडा दर (सबै करसहित) र यात्रु सूची सहित परराष्ट्र मन्त्रालयमार्फत कोभिड-१९ संकट व्यवस्थापन सञ्चालन केन्द्र (CCMC) मा पठाउने। CCMC ले उक्त सूची सिफारिशसहित संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा पठाउने।

(ख) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले उक्त सिफारिश र प्राप्त भाडा दर उपयुक्त रहेको देखिएमा उडान अनुमतिको स्वीकृतिसहित नेपाल नागरिक उड्डयन प्राधिकरणमा पठाउने। प्राधिकरणले उडान अनुमति प्रदान गर्ने।

(ग) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले चार्टर प्रयोजनका लागि स्वीकृत गरेको अवधिभित्र सम्बन्धित नियोगबाट स्वीकृत यात्रु सूचीभित्रबाट सोझै यात्रु नेपाल ल्याउन र फर्कदा नेपालबाट चार्टर गरी लैजान वा नेपालबाट यात्रु चार्टर गरी लैजान आउने क्रममा नियोगको प्राथमिकताको सूचीमा रहेका विदेशमा रहेका नेपाली यात्रुलाई नेपाल ल्याउन समेत पाउने गरी स्वीकृत दिन सकिने। यसरी स्वीकृति माग गर्दा नेपालबाट र नेपालमा ल्याउने यात्रुलाई के कति दर रेट (सबै करसहित) चार्टर गर्न लागेको हो सो दर समेत प्रस्ताव गर्नु पर्नेछ तर एक पटक संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई दर प्रस्ताव गरी सकेको भए पुनः सोही रुटका लागि नयाँ प्रस्ताव गर्न आवश्यक पर्ने छैन ।

(घ) यस व्यवस्था बमोजिम उडान अनुमति पाएका वायुसेवाले उद्धार उडान गर्दा नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्ने सम्वन्धी आदेशको दफा ३ को उपदफा (४) बमोजिमको कोभिड-१९ संक्रमण नभएको प्रमाण भएका व्यक्तिलाइ मात्र उडान अनुमति दिनु पर्नेछ। तर कोभिड-१९ संक्रमित व्यक्तिहरुलाई चिकित्सकको सिफारिसमा मात्र पि.सि.आर. परीक्षण गर्ने र आर.डि.टि. लगायतका परीक्षण सुविधा उपलब्ध नहुने तापक्रम मात्र मापन गरी Fit For Travel सिफारिस गर्ने प्रावधान भएका मुलुकहरुबाट आउने नागरिकहरुलाई सम्बन्धित मुलुक हेर्ने नेपाली नियोग प्रमुखको सिफारिसमा यात्रा स्वीकृति दिने र स्वदेश आगमन पश्चात त्यस्ता व्यक्तिहरुलाई छुट्टै क्वारेन्टाइनमा राखे गरी सम्बन्धित क्वारेन्टाइनमा पठाउने।

(ङ) नेपालस्थित विदेशी कूटनीतिक नियोग, संयुक्त राष्ट्रसंघ लगायत अन्तर्राष्ट्रिय संघ संगठनका प्रमुख लगायत कर्मचारी र परिवारका निकट सदस्यहरुलाई संस्थागत सिफारिशका आधारमा प्रचलित स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प्रोटोकल पालना गर्ने गरी आवत जावत गर्न दिने ।

९. स्थानीय तहको समन्वयमा कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचारका सन्दर्भमा स्थानीय सामाजिक संघ संस्थावाट सहयोग स्वरुप प्राप्त हुने औषधी उपकरण वाहेक मास्क, पञ्जा, स्यानिटाइजर जस्ता स्वास्थ्य सामग्री स्वीकार गर्न स्थानीय तहलाई स्वीकृति दिने।

१०. कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचारका सन्दर्भमा जिल्ला स्तरमा स्थापित विपद् व्यवस्थापन कार्यमा गठित Cluster हरुलाई DCCMC को समन्वयमा परिचालन गर्न स्वीकृति दिने।

११. कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचारका सन्दर्भमा प्रदेश तथा स्थानीय तहहरुबाट भए गरेका काम कारवाही, देखिएका समस्या तथा समाधानका उपायहरुवारे आवश्यकता अनुसार छलफल गर्न PCCMC, DCCMC र LCCMC सँग नियमित रुपमा भर्चुअल बैठकहरु गर्ने ।

२०७७।२।३१